# कोरोना भाइरससम्बन्धी बागमती प्रदेशको अवस्था

**मकवानपुर । ०७७ वैशाख १० गते**

कोरोना भाइरसको सङ्क्रमण रोकथामको लागि सरकारले लकडाउन घोषणा गरेको एक महिना पुगेको छ ।

बागमती प्रदेश सरकारले कोरोना भाइरस विरुद्ध गरेका कामहरूको समीक्षा तथा साझा अवधारणाका लागि एकदिने कार्यशाला वैशाख १० गते हेटौँमा सम्पन्न गरेको छ । कोरोना भाइरस, यसको परीक्षण विधि, सावधानिका तौरतरिका आदिमा उच्चपदस्थ व्यक्तित्वहरूमा समेत अलगअलग बुझाई रहेको पाइएकाले विज्ञहरु मार्फत त्यसको समाधान गरी समान बुझाई बनाउन कार्यक्रम आयोजना गरिएको सामाजिक विकास मन्त्री युवराज दुलालले जानकारी दिनुभयो ।

सामाजिक विकास मन्त्रालयको सभाकक्षमा भएको कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेल, सभामुख सानुकुमार श्रेष्ठ, उपसभामुख राधिका तामाङ, मन्त्रीहरू, प्रदेश सभा सदस्यहरू, विभिन्न मन्त्रालयका सचिवहरू, प्रदेश स्वाथ्य निर्देशनालयका निर्देशक, विशेषज्ञहरू एवं चिकित्सकहरूको उपस्थितिमा कोभिड १९ नियन्त्रण तथा उपचारमा प्रदेश सरकारका तर्फबाट भएका कामहरुको बारेमा जानकारी गराइएको थियो ।

यसैबीच सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि प्रदेश सरकारको भूमिका बढाउनुपर्नेमा सांसदहरूले जोड दिनु भएको छ । वैशाख १० गते बागमती प्रदेश सभामा विभिन्न संसदीय समितिका सभापतिहरू सहितको भिडियो कन्फ्रेन्स बैठकमा सहभागि सांसदहरूले जनताले अनुभुति गर्नेगरी प्रदेश सरकारको उपस्थिति आवश्यक रहेको बताउनुभएको थियो ।

बागमती प्रदेश सभाका सभामुख सानुकुमार श्रेष्ठले आव्हान गर्नुभएको भिडियो कन्फ्रेन्स बैठकमा विभिन्न संसदीय समितिहरूले भिडियो कन्फ्रेन्स बैठकमार्फत गरेका निर्णयहरू सार्वजनीक गरिएको थियो । प्रदेश सरकारको विपद् व्यवस्थापन कोषलाई व्यापक प्रयोग गर्नु पर्नेमा सार्बजनिक लेखा समितिका सभापति न्हुछे नारायण श्रेष्ठले बताउनु भयो ।

सासंद विकास कोषको रकम समेत रकमान्तर गरेर विपद्को समयमा कोष बलियो बनाएर राहत वितरण गर्नु पर्नेमा उहाँले जोड दिनु भयो । यसैगरी उद्योग पर्यटन तथा वातावरण समितिका सभापति रमा आले मगरले प्रत्येक निर्वाचन क्षेत्रमा सरकारले पर्यटन प्रर्वद्धनका लागि मेला महोत्सव आयोजनाको लागि छुट्याएको प्रति सांसद ५ लाख रुपियाँ राहत कोषमा रकमान्तर गरी स्थानीय तहसँगको समन्वयमा राहत वितरण गर्ने प्रबन्ध मिलाउन सरकारको ध्यानाकर्षण गराउनु भयो । यस्तै अर्थ तथा विकास समितिका सभापति सरेश नेपालले प्रदेश सरकारले राहत वितरणमा प्रभावकारीता देखाउनु पर्नेमा जोड दिनुभयो । लकडाउनपछि शिथिल हुने अर्थ व्यवस्थालाई सम्बोधन हुने गरि सरकारले कार्यक्रम तय गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

त्यस्तै शिक्षा , स्वास्थ्य तथा कृषि समितिका सभापति घनश्याम दाहाल तथा प्रदेश मामिला समितिका सभापति माधव पौडेलले सरकारले जनतालाई प्रदेश सरकारको प्रत्याभुत गराउन सरकारले प्रभावकारी कदम चाल्नु पर्नेमा जोड दिनु भयो । भिडियो कन्फ्रेन्समा बागमती प्रदेश सभाका उपसभामुख राधिका तामाङले वास्तविक पीडितहको पहिचान हुन नसकेको बताउनु भयो । उहाँले लकडाउनले गर्दा काम गर्न नसकेका मजदुरहरूलाई प्रदेश सरकारले विशेष सुरक्षा विधि अपनाएर मात्रै घर पुग्ने वातावरण सिर्जना गर्न आग्रह गर्नुभयो । उपसभामुख तामाङले प्रदेश सरकारमार्फत खटिएका स्वास्थ्य स्ययम्सेविकाहरूलाई पीपीईको व्यवस्था गरेर कोरोनाको रोकथाममा परिचालन गर्नु पर्ने बताउनु भयो । प्रदेश सरकारले चिकित्सक , सफाईकर्मचारी, एम्बुलेन्स चालक, सुरक्षाकर्मीलगायतलाई प्रोत्साहन गर्न समेत उहाँले आग्रह गर्नुभयो ।

बागमती प्रदेशको सिन्धुली जिल्लामा वैशाख ३ गतेदेखि बाहिर जिल्लाबाट तरकारी फलफूलहरू भित्रिन नदिएपछि सिन्धुलीको उत्पादनले बजार पाउन थालेको छ । कमलामाई नगरपालिकाले नगरपालिका भित्रका किसानहरूको उत्पादनलाई बजारमा ल्याउन सहजीकरण गरेको छ ।

काभ्रे जिल्लाको हरेक स्थानीय तहमा उपाध्यक्ष/उपप्रमुखको संयोजकत्वमा बजार अनुगमन समिति बनेको छ । तर बजार अनुगमन समितिले समय-समयमा बजार अनुगमन नगर्दा लकडाउनका मौका छोपेर व्यवसायीले उभोक्ता ठगिरहेको गुनासो आएको छ ।

त्यस्तै भक्तपुर नगरपालिकाले कोरोना भइरस (कोभिड १९) महामारी विश्वमा फैलिरहेको बेलामा बासी तथा अस्वस्थकर मासुको विकी भएको गुनासो आएपछि मासुबाट हुनसक्ने कोरोना सङ्क्रमणलाई रोक्न, पसललाई व्यवस्थित र सफा पार्न, मासु काट्ने औजार, ढक तराजुको सफाई, सडेगलेका मासु विकी रोक लगाउन र मापदण्ड पुगे नपुगेको हेर्न अनुगमन तिब्र पारेको छ ।
कोरानो अर्थात कोभिड-१९ जोखिम न्युनिकरण जिल्ला समन्वय समिति र जिल्ला सङ्कट व्यवस्थापन समितिका संयुक्त बैठक वैशाख १० गते दोलखा सदरमुकाम चरिकोटमा सम्पन्न भएको छ ।
बैठकले कोराना भाइरसलगातय जिल्लामा विपद् व्यवस्थापनका लागि प्रत्येक स्थानीय तहबाट २ लाख रुपियाँका दरले रकम जम्मा गरी साझा कोष स्थापना गर्ने निर्णय गरेको छ ।

**इन्सेक काठमाडौँ जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार नेपालमा थप तीन जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले मन्त्रालयमा आयोजित नियमित प्रेस ब्रिफिङमा धरानको प्रयोगशालामा गरिएको परीक्षणबाट २४, ६० र ७२ वर्षका तीनजना पुरुषमा सङ्क्रमण देखिएको जानकारी दिनुभयो ।
यो सँगै नेपालमा कोरोना सङ्क्रमित हुनेको सङ्ख्या ४५ पुगेको छ । त्यस मध्ये सात जना निको भएर फर्किएका छन् । डा. देवकोटाका अनुसार पीसिआर प्रविधिबाट ९ हजार ११ जना र आरडिटी प्रविधिबाट ३१ हजार ४ सय २० गरी कुल ४० हजार ४ सय ३१ जनाको स्वास्थ्य परीक्षण गरिएको छ । यस्तै देशभर हालसम्म ८ हजार ५ सय ९५ जना क्यारेण्टाइनमा र ९५ जना आइसोलेशनमा रहेका छन् । यस्तै वैशाख १० गते भारतले विभिन्न १८ प्रकारका औषधिहरू स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भानुभक्त ढकाललाई हस्तान्तरण गरेको छ । सोको परिणाम २३ टन रहेको मन्त्रालयले जनाएको छ ।
काठमाडौँमा दुई जना नर्समा र्‍यापीड टेष्ट गर्दा कोरोनाभाइरसको एण्टीवडी पोजेटिभ देखिए पनि पीसीआर परीक्षणमा भने कोरोना नेगेटिभ देखिएको छ । टेकु अस्पतालका निर्देशक डा. सागर राजभण्डारीले दुबै नर्सको पीसीआर परीक्षणमा कोरोना नदेखिएको जानकारी दिनुभयो । आइसोलेशनमा भर्ना भएका दुबै नर्सहरूलाई ०७७ वैशाख १० गते नै डिस्चार्ज गरिएको उहाँले बताउनुभयो । वैशाख ८ गते त्रिपुरेश्वरस्थित केन्द्रीय कारागारको अस्पतालको दुई जना नर्समा र्‍यापीड टेष्ट गर्दा पोजेटिभ देखिएको थियो । लगत्तै उनीहरूलाई टेकु अस्पतालको आइसोलेशनमा भर्ना गरिएको थियो ।
माहामारीको अवस्थामा काठमाडौँको फोहरमैला व्यवस्थापन तथा सङ्कलनमा कार्यरत कर्मचारी तथा सफाई मजदुरहरूको स्वास्थ्य सुरक्षातर्फ कसैको ध्यान नदिएको गुनासो आएको छ । सरकारले गरेको वर्गिकरण अनुसार अत्यावश्यक क्षेत्रभित्र पर्ने फोहोरमैला व्यवस्थापन पनि लकडाउन अवधिभर नियमित रूपमा सञ्चालन भैरहेको छ । त्यसकै परिणाम काठमाडौँबासी ढुक्कले घरमा बस्न सकेका छन् । तर, फोहोरमैला व्यवस्थापनमा खटिएकाहरू भने चिन्तित छन् । कोरोना भाइरसको सङ्क्रमणबाट जोगिन अत्यावश्यक मानिने सामान्य मास्क, पन्जा र जुत्तासमेत नहुँदा उनीहरूको सफाई मजदुरहरूमा चिन्ता थपिएको छ ।
'हरेक दिन काठमाडौँको कलङकी, कालिमाटी, बाफल, स्यम्भु, सानो भर्‍याङ क्षेत्रको फोहोर उठाउन मसँगै १५ जनाको समूह खटिन्छौ, हामीलाई सुरक्ष सामग्री केही छैन' १५ वर्षदेखि फोहोरमैला व्यवस्थापनमा खटिँदै आउनु भएका धादिङको धुनिबेशीका रमेश तामाङले भन्नुभयो ।
उहाँ भन्नुहुन्छ, 'पन्जा, जुत्ता, मास्क केही छैन । सुरक्षाका कुनै साधनबीना काम गर्नु परेपछि चिन्ता लाग्नु स्वाभाविक हो ।' फोहोरमैला व्यवस्थापनको काम त्यसै पनि जोखिमपूर्ण मानिन्छ । त्यसमाथि महामारीको समयमा यस्तो सङ्क्रमण अझ चाँडो फैलने सम्भावना हुन्छ । तर, सामान्य सुरक्षा उपकरण समेत नहुँदा फोहोरमैला सङ्कलन र व्यवस्थापनमा सङ्लग्न श्रमिकमा जोखिम बढेको छ । महामारीको यो समयमा जोखिम मोलेर फोहोरमैला व्यवस्थापन गरिरहेका आफूहरूलाई कसैले सहयोग नगरेको बताउँनुहुन्छ लक्की नकर्मी ।
फोहरमैला व्यवस्थापनमा लागेका मजदुरको अपेक्षा छ- स्थानीय तहबाट दिने भनिएको राहत सुलभ बनाइयोस् ।सङ्घीय सरकारले स्थानीय तहमार्फत राहत प्याकेज वितरण गर्ने आदेश दिएको थियो । त्यसैअनुसार स्थानीय तहहरूले राहत वितरणका लागि स्थानीय तहले घरबहाल तिरेको रसिद, भाडामा

बसेको प्रमाणलगायतका कागजात माग्न सुरू गरेका छन् । तर, श्रमिकसँग यस्ता कागजात नहुँदा समस्या भएको उनीहरूको गुनासो छ ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठका अनुसार** लकडाउन उल्लङ्घन गर्ने ८५ जनालाई वैशाख १० गते प्रहरीले केही क्षण नियन्त्रणमा लिएर घर पठाएको छ भने १० थान मोटरसाइकल आवश्यक कारवाहीको लागि निणन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।
नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकाले १ हजार १ सय घर परिवारलाई खाद्यान्न राहत प्रदान गरेको छ । दुप्चेश्वर गाउँपालिकाले पनि १ सय ४५ घर परिवारलाई खाद्यान्न राहत दिएको जनाएको छ । यसैगरी म्यागङ गाउँपालिकाले ६ सय १५ घर परिवारलाई खाद्यान्न राहत दिएको छ ।
जिल्लामा स्वास्थ्य जाँच कार्यलाई निरन्तरता दिइएको छ । वैशाख १० गते जिल्लाभर १ सय ३२ जनाको ज्वरो परीक्षण गरिएको छ ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सिताराम अधिकारीका अनुसार** नेत्रावती डबजोङ गाउँपालिकाले वैशाख १० गते गाउँपालिका भित्र रहेका सम्पूर्ण किराना पसलहरूलाई मूल्यसूची राख्न अनुरोध गरेको छ ।
कोरोनाको सङ्क्रमण रोकथामको लागि सरकारले गरेको लकडाउन कार्यन्वयन भइरहेको सन्दर्भमा खाद्यान्न पसलहरूबाट यस्तो अवस्थामा मूल्य कायम गर्न र कालोबजारी रोक्न मूल्यसूचि अनिवार्य राख्न अनुरोध गरिएको नेत्रावती डबजोङ गाउँपालिकाका प्रमुख प्रशाशकीय अधिकृत श्याम कृष्ण पौडेलले बताउनु भयो ।
गाउँपालिकाभित्र रहेका सम्पूर्ण किराना तथा खाद्यान्न पसलहरूबाट दैनिक उपभोग्य वस्तुहरूको मूल्यसूची आ-आफ्नो पसलमा सबैले देख्नेगरी राख्न बजारवासीलाई आग्रह गर्दै मूल्यसूचि नराखेमा उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम कारबाही गरीने गाउँपालिकाले जनाएको छ
गजुरी गाउँपालिकाले हालसम्म ५ सय ८३ परिवारलाई राहत वितरण गरेको छ । फुड बैंक स्थापना गरि असङ्ठित क्षेत्रका मजदुरहरूलाई राहत वितरण गरेको हो ।
हिमालयन हेल्थ केयरले नीलकण्ठ नगरपालिका र रुबीभ्याली गाउँपालिकालाई पाँच/पाँच थान थर्मल गन उपलब्ध गराएको छ । नगरपालिका स्वास्थ्य संयोजक विष्णु रिजाल र रुबीभ्याली गाउँपालिकाका स्वास्थ्य संयोजक रामबहादुर तामाङलाई सो सामाग्री हस्तान्तरण गरिएको थियो । गजुरी गाउँपालिकालाई यस अघि नै आइआरथर्मो मिटर उपलब्ध गराइ सकिएको छ ।
धादिङको बेनीघाट रोराङ गाउँपालिकाले स्थानीय स्वास्थ्य चौकी र प्रहरी चौकीलाई आइआर थर्मोमिटर र व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) सेट वितरण गरेको छ । बेनिघाट रोराङले चार ओटा स्वाथ्य चौकी र तीन ओटा प्रहरी चौकीलाई थर्मोमिटर र पीपीई सेट वितरण गरेको हो । प्रहरी चौकीहरू जोगिमारा, ताल्ती, इलाका प्रहरी कार्यालय बेनीघाटलाई, स्वास्थ्य चौकीहरू जोगिमारा, धुषा, बेनीघाट र महादेवस्थानलाई एक/एक ओटा थर्मल गन र दुई/ दुई थान पीपीई प्रदान गरिएको गाउँपालिकाका सूचना अधिकारी परशुराम घिमिरेले जानाकारी दिनुभएको छ ।
धादिङको बेनीघाट बजारमा विभिन्न जिल्ला (घर) हिडेका १ सय २५ जना पैदल यात्रीलाई खाना खुवाईएको छ । सुर्खेत, जाजरकोट, कालिकोट, डोल्पालगायतका जिल्लाका १ सय २५ जना पैदल यात्रीलाई बेनीघाट रोराङ गाउँपालिका, कारू ट्रष्ट, स्थानीय प्रहरी र स्थानीय समाजसेवीको सक्रियतामा खाना खुवाईएको हो । पैदल यात्रामा रहेको उनीहरूलाई खाना खुवाएर एक रात सुरक्षित बास बसाएर यातयातको बन्दवस्त गरी पठाएको स्थानीय दिपेश कडेलले जानकारी दिनुभयो ।
गल्छी गाउँपालिकाले काठमाडौँबाट घर आउन चाहनेलाई गाडीको व्यवस्था गरी ल्याउने गाउँपालिका अध्यक्ष कृष्णहरी श्रेष्ठले बताउनु भएको छ । यसै गरी बागमती प्रदेश सांसद जगत सिंखडाले रुबीभ्याली, खनियाबास, नेत्रावती, नीलकण्ठ, त्रिपुरासुन्दरी, गंगाजमुनाका मानिसहरूलाई घर ल्याउन पहल गर्ने जानकारी दिनु भएको छ ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबावु धिताल**का अनुसार जिल्लाका ७३ ओटा स्वास्थ्य संस्थामा कोरोना भाइरस परीक्षण र रोगथामका लागि स्वास्थ्य सुरक्षा सामग्री वितरण भएको छ ।

सभामुख अग्नीप्रसाद सापकोटाको पहलमा सो स्वास्थ्य सुरक्षा सामग्री उपलब्ध भएको नेकपाका केन्द्रीय सदस्य माधव सापकोटाले बताउनु भयो ।
वितरीत सामग्रीहरूमा हरेक स्वास्थ्य इकाइकाहरूको लागि पीपीई सेट, थर्मल गन, स्यानिटाइजर, एन ९५ मास्क, पञ्जा, बुटलगायतका छन् । वितरीत सामग्रीहरू स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका विज्ञ चिकित्सकबाट प्रमाणित गरिएको हो ।
गाउँपालिका तथा नगरपालिकाका प्रमुखहरू मार्फत स्वास्थ्य सामग्री वितरण गर्नुभएको हो ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार स्थानीय तहले लकडाउनका कारण काठमाडौँमा समस्यामा परेका आफ्ना नागरिकलाई जिल्ला फर्काउन थालेका छन् ।
दुई नगरपालिका सहित सात ओटा गाउँपालिकाले आ-आफ्नो नागरिकलाई गाउँ फर्काइरहेको छन् । राजधानी काठमाडौँमा विभिन्न पेशा व्यवसायमा सङ्लग्न एवम् अध्ययनका क्रममा रहेका दोलखाली सर्वसाधारणलाई गाउँ ल्याउन जिल्लाका स्थानीय तहले समन्वय गरिरहेको छन् । अधिकांश स्थानीय तहले सवारी साधनको व्यवस्था गरेका छन् भने जिल्लाका केही स्थानीय तहले भाडा समेत व्यहोरेका छन् ।
भीमेश्वर नगरपालिकाले वैशाख ९ गते मात्रै १५ ओटा यात्रु वाहक बसको व्यवस्था गरेरे काठमाडौँबाट दोलखामा मान्छे ल्याएको थियो ।
त्यसैगरि मेलुङ गाउँपालिकाले पनि वडा १ देखी ३ सम्म र वडा-७ का स्थानीयवासीलाई  गरी २३ ओटा बसको व्यवस्था गरि गाउँ ल्याएको गाउँपालिकाहरूले जनाएका छन् ।
तामाकोशी गाउँपालिकाले चार ओटा बसको व्यवस्था गरेको थियो भने कालिन्चोक गाउँपालिकाले १४ ओटा बसको व्यवस्था गरेको थियो । जिरी नगरपालिकाले पनि यो नगरभित्रका नागरिकलाई जिल्ला ल्याउने कार्य गरिरहेको छ ।
बैत्यश्वर गाउँपालिका र बिगु गाउँपालिकाले बस रिजर्भ गरेर नागरिक ल्याउने कार्य गरिरहेको छ । वैत्यश्वर गाउँपालिकाले १५ ओटा बस प्रति बस ३५ हजार रुपैयाँमा रिजर्भ गरेर आफ्ना नागरिकलाई निःशुल्क ल्याइरहेको छ । त्यसैगरि बिगु गाउँपालिकाले वैशाख १० गते १४ ओटा बसको व्यवस्था गरेको थियो । गौरिशंकर गाउँपालिकाले १२ ओटा बसको व्यवस्था गरेको थियो । जिल्लाको शैलुङ गाउँपालिकाले भने बसको व्यवस्था गरेको छैन । आउन चाहने कुनै पनि व्यक्तिले सम्पर्क नगरेकाले बसको व्यवस्था नगरिएको गाउँपालिका अध्यक्ष भरत दुलालले बताउनुभयो ।
कोरानो अर्थात कोभिड-१९ जोखिम न्युनिकरण जिल्ला समन्वय समिति र जिल्ला सङ्कट व्यवस्थापन समितिका संयुक्त बैठक वैशाख १० गते दोलखा सदरमुकाम चरिकोटमा सम्पन्न भएको छ ।
बैठकले कोराना भाईरसलगातय जिल्लामा विपद् व्यवस्थापनका लागि प्रत्येक स्थानीय तहबाट २ लाख रुपियाँका दरले रकम जम्मा गरी साझा कोष स्थापना गर्ने निर्णय गरेको छ ।
यसै गरी बैठकले जिल्लाका सबै स्थानीय तहले जिल्ला बाहिरबाट आएका नागरिकहरूको घर घरमा पुगेर स्वास्थ्य परीक्षण गर्ने निर्णय गरेको कोभिड १९ जोखिम न्युनिकरण जिल्ला समन्वय समितिका संयोजक डबल पाण्डेले जानकारी दिनु भयो ।
बैठकले नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दीलाई थप प्रभावकारी बनाउने निर्णय गरेको छ भने दैनिक उपभोग्य वस्तुहरू, कृषि औजार, मल, बीउहरू र निर्माण सामग्रीको ढुवानी कार्यलाई व्यवस्थित बनाउने निर्णय गरेको छ ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार हालसम्म भारत र तेस्रो मुलुलबाट फर्किएका ५३ जनामा र्‍यापीड टेष्ट गरिएको छ । सबैको नेगेटिभ आएको छ । कालिका गाउँपालिका स्थित जिवजिवे ग्रामीण अस्पतालमा  वैशाख १० गते २० जनामा र्‍यापीड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको छ ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार चितवनमा कोरोना भाइरसको सङक्रमण परीक्षणको लागि पीसीआर कीट नआउँदा तीन दिनदेखि परीक्षणको लागि नमूना सङ्कलन गरेर हेटौँडा

पठाउने गरेको छ । वैशाख १० गते सङ्कलन भएको थप २२ ओटा नमूना पनि परीक्षणको लागि हेटौँडा पठाएको भरतपुर अस्पतालले जनाएको छ ।
भतरपुर अस्पतालको आइसोलेशन क्यावीनमा दुई जना छन् भने आइसीयू वेड खाली छ । वैशाख १० गते लकडाउन उल्लङ्घन गरेको आरोपमा ६० ओटा सवारी नियन्त्रणमा लिएको चितवन प्रहरी प्रवक्ता डिएसपी एकनारायण कोइरालाले बताउनु भयो ।
नमूना सङ्कलनदेखि परीक्षणसम्मका सबै काम चितवनमै हुने भएपछि स्वास्थ्यकर्मीको लागि पीपीईको आवश्यकता पनि उहीँ अनुरूप बढेको छ । तर, सरकारको तर्फबाट पर्याप्त पीपीई प्राप्त हुन नसक्दा निजी क्षेत्रको भर पर्नु परेको छ ।
चितवनमै कोरोना अस्थायी अस्पताल सुरू गर्दा २ सय थान पीपीई उपलब्ध भएको थियो । अहिले चितवनमै प्रयोगशाला सञ्चालन र सङ्कलन कार्य सुरू भएपछि पीपीईको अभाव हुन थालेको छ ।
अहिले चितवनमा दैनिक ५० थान पीपीई खपत हुँदै आएकोमा अबको करिब चार पाँच दिनमा चितवनमा भएको पीपीई सकिने भरतपुर अस्पतालले जनाएको छ ।
चितवनको राप्ती नगरपालिकाले पैदलयात्रीको उद्धार गरी गन्तव्यमा लैजान सहजिकरण गरेको छ । सो नगरपालिकाले लकडाउनका कारण हिँडेर घर जान निस्केका पैदलयात्रीलाई सवारी साधनको व्यवस्थापन गरी पठाउने काम गरेको हो ।
चितवनका स्थानीय तहहरू भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, खैरहनी नगरपालिका, राप्ती नगरपालिका, कालिका नगरपालिका, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकाले आआफ्नो क्षेत्रमा राहत वितरणलाई तिव्रता दिएका छन् ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार लकडाउनको नियम उल्लङ्घन गरेको आरोपमा वैशाख १० गते १ सय ३५ जनालाई महानगरीय प्रहरी परिसरले कारबाही गरेको छ ।
विदेशबाट आएर ललितपुर महानगरपालिकामा बसोबास गर्दै आएका र पहिले परीक्षण छुटेकाहरूको स्थानीय तहमा गएर र्‍यापीड टेष्ट विधिबाट परीक्षण गरिने सूचना जारी गरेको जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा. खगेश्वर गेलालले जानकारी दिनुभयो ।
सङ्क्रमण पुष्टि भएका दुई जना बिरामीको उपचार भइरहेको छ भने कोभिड-१९ को शङ्कामा वैशाख ७ गते भर्ना भएका मध्ये एक जनाको डिस्चार्ज भएको छ । अर्का दुई जना बिरामीको उपचार भइरहेको पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो ।
महालक्ष्मी नगरपालिकामा राहत लिइ सो खाद्य सामग्री सकिएपछि भोकै परेका तीन ओटा परिवारलाई पुनः खाद्य सामग्री दिएको नगरप्रमुख रामेश्वर श्रेष्ठले जानकारी दिनुभयो ।
कान्ति लोकपथबाट पैदल यात्राका क्रममा अलपत्र परेकाहरूलाई बागमती गाउँपालिकाको भट्टेडाँडामा ७ जनालाई निःशुल्क भोजन गराएको पालिकाका प्रेस संयोजक दीपक घिमिरेले जानकारी दिनु भयो ।
ललितपुर महानगरपालिका-५ स्थित ललितपुरको लगनखेल डोजोले लकडाउनको मारमा परेका ७० जना विपन्न वर्गलाई दैनिक निःशुल्क भोजनको व्यवस्था गरररहेको डोजोका अध्यक्ष मिनकृष्ण महर्जनले बताउनु भयो ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार भक्तपुर जिल्ला अस्पतालमा वैशाख १० गते ११ जना शङ्काष्पद व्यक्तिको कोरोना परीक्षण गरेको छ । जसमा तीन पुरुष र एक महिलाको स्वाब सङ्कलन गरि टेकुस्थित प्रयोगशालामा पठाएको छ । बाँकी सात जना मध्ये चार पुरुष र तीन महिलाको द्रूत गतिको र्‍यापीड किट (आरडिटी) बाट परीक्षण गरिएकोमा सातजना कै नतिजा नेगेटिभ आएको भक्तपुर अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट डा. सुमित्रा गौतमले जानकारी दिनुभयो । अस्पतालले हालसम्म ४ सय ६७ जनाको कोरोना परीक्षण गरेकोमा पाँच जनाको रिपोर्ट आउन बाँकी रहेको र अरु सबैको नेगेटिभ आएको जानकारी दिँदै उहाँले आइसोलोशनमा एक जनाको उपचार भइरहेको जानकारी दिनुभयो ।
महानगरीय प्रहरी वृत्त जगातीका डिएसपी चक्रराज जोशीले वैशाख ९ गते बेलुका र १० गते बिहान गरी ४ हजार जना भन्दा बढी व्यक्तिलाई विभिन्न गाडीमा राखेर घर पठाएको जानकारी दिनुभयो ।

प्रहरीले हिड्दै जाने पैदल यात्रीलाई जगातीमा रोकेर खाना, खाजा खुवाएर गाडीमा हालेर घर जाने व्यवस्था गरेको छ ।
त्यस्तै लकडाउनको अवधिमा जिल्ला अदालत भक्तपुरको आदेशमा ११ जना बन्दी रिहा भएका छन् । लकडाउनमा बाल सुधार गृहमा रहेका १० जना र मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ को निवेदनका आधारमा एकजना गरि ११ जना बन्दी रिहा भएको अदालतका श्रेष्तेदार घनेन्द्र अधिकारीले जानकारी दिनुभयो । लकडाउनको समयमा पनि नियमित अदालत सञ्चालन गरि बन्दी प्रत्यक्षीकरण, पक्राउ पूर्जी अनुमती, अभियोगपत्र दर्ता समेतका कामहरू भइरहको बताउनुभयो । अदातलमा लकडाउन अवधिभर १० ओटा अभियोगपत्र दर्ता भएको, दुई ओटा म्याद थप र दुईओटा जरुरी पक्राउ पूर्जी जारी भएको अदालतले जनाएको छ ।
त्यसैगरी सूर्यविनायक नगरपालिका १० चित्तपोल स्वाथ्य चौकीका स्वास्थ्यकर्मीले स्थानीयवासीलाई सेवा नै नदिई अभद्र व्यबहार गर्ने गरेका छन् । स्वास्थ्यचौकीमा उच्च रक्तचाप मापनका लागि जानुभएका स्थानीय मुरारी नगरकोटीलाई स्वास्थ्यकर्मीले गेटबाटै फर्काइदिएका छन् । ढोका बन्द गरेर भित्र बसेका स्वास्थ्यकर्मीले विरामी हेर्दै नहेरी फर्काउने गरेको गुनासो छ ।
ज्वरो आएको मापन गर्दै औषधि लिन सोही स्वास्थ्य चौकी गएका स्थानीय लक्ष्मीभक्त खाताखोले स्वास्थ्यकर्मीले अभद्रै व्यबहार गरेको गुनासो गर्नुभयो । स्वास्थ्यकर्मीले छोईन्छ भनेर औषधि बाहिर फ्याकिएको भन्दै उनीहरूबाटै अभद्र व्यवहार हुने र ज्वरो समेत मापन नहुने भएपछि यस्ता स्वास्थ्य चौकीको अर्थ नभएको उहाँको भनाई थियो ।
त्यस्तै भक्तपुर नगरपालिकाले कोरोना भइरस (कोभिड १९) महामारी विश्वमा फैलिरहेको बेलामा बासी तथा अस्वस्थकर मासुको विकी भएको गुनासो आएपछि मासुबाट हुनसक्ने कोरोना सङ्क्रमणलाई रोक्न, पसललाई व्यवस्थित र सफा पार्न, मासु काट्ने औजार, ढक तराजुको सफाई, सडेगलेका मासु विकी रोक लगाउन र मापदण्ड पुगे नपुगेको हेर्न अनुगमन तिव्र पारेको छ ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार कोरोना कोरोना सङ्क्रमणको संभावित जोखिमतालाई ध्यानमा राखी हालसम्म जिल्लाका ८ ओटा स्थानीय तहमा ३ सय ३१ शैयाको क्वारेण्टाइन र ६१ शैया आइसोलेशन कक्ष स्थापना गरिएको छ ।
जिल्लाका स्थानीय तहले काठमाडौँमा अलपत्र परेका आफ्ना नागरिकहरूलाई फिर्ता ल्याउन सुरू गरेका छन् । स्थानीय सरकाको पहलमा मन्थली र रामेछाप नगरपालिकाले आफ्ना नागरिकलाई काठमाडौँबाट फिर्ता ल्याएका छन् । उनीहरूले बसको व्यवस्था गरी नागरिकलाई गाउँमा ल्याएका हुन ।
यसैगरी खाँडादेवी तथा गोकुलगंगा गाउँपालिकाले पनि नागरिकहरू फिर्ता ल्याएने कार्य सुरू गरेका छन् । दोरम्बा गाउँपालिकाले आफ्नै खर्चमा काठमाडौँमा अलपत्र परेकालाई गाउँ ल्याउन सुरू गरेको छ । पहिलो चरणमा १४ ओटा बसबाट काठमाडौँमा अलपत्र परेका स्थानीयहरूलाई ल्याउने र नपुग भए थप बसको व्यवस्था गरि ल्याउने तयारी भइरहेको दोरम्बा गाउँपालिका प्रमुख कामानसिंह मोक्तानले जानकारी दिनुभयो ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार महाभारत गाउँपालिकाले ३ सय ५८ जना पैदल यात्रीलाई उद्धार गरेको छ । काठमाडौ, बनेपा धुलिखेल  र पनौतीमा बसोबास गदै आइरहेकाहरू लकडाउनले गर्दा अलपत्र परेका पैदल यात्रीलाई उद्धार गरेको गाउँपालिकाका अध्यक्ष कान्छालाल जिम्बाले बताउनु भयो ।
अध्यक्ष कान्छालाल जिम्बाका अनुसार वैशाख १० गते बिहान २ बजे ४ ओटा बस मार्फत आफ्ना नागरिकहरूको उद्धार गरिएको हो । गाउँ फर्केकाहरूलाई अध्यक्ष जिम्बाले बाहिर अनावश्यक रुपमा हिड्डुल नगर्न आग्रह गर्नुभएको छ ।  उद्धार गरेका सबैको स्वास्थ्य जाँच गरेर मात्रै गाउँपालिका प्रवेश गराउने प्रवक्ता रविन मोक्तानले बताउनु भयो ।
प्रवक्ता रविन मोक्तानका अनुसार स्वास्थ्यमा समस्या देखिएमा महाभातर गाउँपालिकाको क्वारेण्टाइनमा राखिने छ ।

काभ्रेको दोलालघाट बजारमा के.आर जोशी सप्लायर्स एण्ड हार्डवेयरले उपभोक्तालाई ठगी गरेको पाइएको छ । प्रतिबोरा ६ सय रुपियाँमा गोदाममा अनलोड गरिएको जगदम्बा सिमेन्ट उपभोक्तालाई भने ७ सय ५० रुपियाँमा विक्री गरेको पाइएको हो । लकडाउनभन्दा अघि सोहि हार्डवेयरले ६ सय ९० रुपियाँ प्रति बोरा सिमेन्ट बेच्ने गरेको थियो ।
काभ्रे जिल्लाको हरेक स्थानीय तहमा उपाध्यक्ष/उपप्रमुखको संयोजकत्वमा बजार अनुगमन समिति बनेको छ । तर बजार अनुगमन समितिले समय-समयमा बजार अनुगमन नगर्दा लकडाउनका मौका छोपेर व्यवसायीले उभोक्ता ठगिरहेको गुनासो आएको छ ।
यूवा विद्यार्थीको पहलमा इँटा भट्टामा काम गर्ने मजदुरलाई घर पठाइएको छ । काभ्रेमा लकडाउनका कारण समस्यामा रहेका मजदूरहरूलाई वैशाख ९ गते राती उद्वार गरी घर पठाएको हो ।
नेकपा निकट राष्ट्रिय यूवा सङ्घ नेपालको पहलमा काभ्रे पाँचाखलका इँटा भट्टाहरू मजदुरी गर्ने रोल्पा, रुकुम, सल्यानलगायतका जिल्लाका मजदुरहरूलाई घरतर्फ पठाउने काम गरेको यूवा सङ्घ नेपलका केन्द्रीय सदस्य अमित लामाले जानकारी दिनुभयो ।
लामाका अनुसार पाँचखालमाबाट पाँच ओटा गाडीमा मार्फत पाँचखाल नगरपालिका-१२ मा रहेको पलाञ्चोक भगवती इँटा भट्टा बाट १ सय ५० जना र वडा-७ मा रहेको श्री सुवर्णेस्वरी इँटा भट्टाबाट १ सय २५ जनालाई घर पठाइसकिएको छ ।
काभ्रेमा वैशाख १० गते मानव अधिकार अनुगमन समिति गठन भएको छ । राष्ट्रिय मानव अधिकार आयोगले कोभिड १९ को रोकथाम तथा व्यवस्थापन गर्ने क्रममा भएका सम्पूर्ण गतिविधिहरूको अनुगमन गर्न नेटवर्क गठन गरेको काभ्रे बारका अध्यक्ष देवकुमार मोक्तानले बताउनु भयो ।
अध्यक्ष मोक्तानका अनुसार नेपाल पत्रकार महासङ्घ काभ्रे शाखाका अध्यक्ष मोतीराम तिमल्सिनाको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गएिको छ । जसको सदस्यहरूमा नेपाल बार एशोसिएसन काभ्रेका अध्यक्ष देवकुमार मोक्तान, गैरसरकारी संस्था महासङ्घ, काभ्रेपलाञ्चोकका अध्यक्ष टोमप्रसाद सापकोटा रहनु भएको छ ।
समितिले जिल्लामा कोभिड १९ को महामारी रोक्न घोषित लकडाउनको अवधिमा मानवअधिकारका समग्र क्षेत्रहरूको निरन्तर अनुगमन गर्ने भएको छ ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार दुधौलीमा वैशाख १० गते ४९ जनाको आरडीटी टेष्ट गरिएको छ । सबैको नतिजा नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय सिन्धुलीले जनाएको छ । जिल्ला स्वास्थ्य कार्यालय सिन्धुलीको नेतृत्वमा गरिएको आरडीटी जाँच दुधौलीको निपाने, सिर्थौली र दुधौलीमा गरिएको हो । निपानेमा १५ जना, सिथौलीमा ११ जना र दुधौलीमा २३ जनाको आरडीटी जाँच गरिएकोमा सबैको नतिजा नेगेटिभ आएको स्वास्थ्य कार्यालय सिन्धुलीका प्रमुख जितेन्द्र कुमार शाहले बताउनु भयो ।
हालसम्म ४ सय २६ जनाको परीक्षण गरिएको छ भने हालसम्म आठ जनाको पीसीआर जाँच गरिएको छ । हालसम्म जिल्लामा कोरोना सङ्क्रमण देखिएको छैन ।
तिनपाटन गाउँपालिकाले काठमाडौँ तथा अन्य स्थानबाट गाउँपालिका छिर्ने नागरिकलाई गाउँपालिकाको प्रवेश स्थान झार्लाङटारमा स्वास्थ्य जाँचपछि मात्रै प्रवेश गर्न दिएको छ । गाउँपालिकाले हेल्थ डेक्समा ज्वरो जाँच गरी ज्वरो नआएको पाईएमा प्रवेश दिने गरेको हो । साथै गाउँपालिका भित्र प्रवेश गर्नेका लागि होम क्वारेण्टाईनमा कम्तिमा १५ दिन बसिदिन अनुरोध समेत गरेको गाउँपालिकाका अध्यक्ष कर्णबहादुर थापाले बताउनु भयो ।
यस्तै मरिण गाउँपालिकाले आफ्नो गाउँपालिकामा आउने नागरिकलाई अनिवार्य स्वास्थ्य जाँच गराइरहेको छ । काठमाडौंबाट गाउँपालिका भित्रने र तराईका जिल्लाबाट गाउँपालिकामा आउनेहरूलाई कपिलाकोटमा स्वास्थ्य जाँच गराएर मात्र घर जान दिएको छ ।
गाउँपालिकाले ती व्यक्तिको अवस्थाको निरीक्षण गर्न र होम क्वारेण्टाइनमा बसे नबसेको निरीक्षण गर्न वडा कार्यालयहरूलाई जिम्मा दिईएको छ । जिल्ला बाहिरबाट भित्रिएका नागरिकलाई व्यवस्थित गराई हुन सक्ने सङ्क्रमणलाई कम गर्न विपद व्यवस्थापन समितिको बैठक बसी योजना बनाएर काम गर्ने गाउँपालिका अध्यक्ष पानीराज बम्जनले बताउनु भयो ।

सिन्धुलीमा बैशाख ३ गतेदेखि बाहिर जिल्लाबाट तरकारी फलफूलहरू भित्रिन नदिएपछि सिन्धुलीको उत्पादनले बजार पाउन थालेको छ । कमलामाई नगरपालिकाले नगरपालिका भित्रका किसानहरूको उत्पादनलाई बजारमा ल्याउन सहजीकरण गरेको छ । नगरपालिकाले किसानकै बारीमा गएर व्यवसायी र किसानलाई जोडिरहेको छ । करिब आठ दिन बाहिरको तरकारी नआए पनि बजारमा तरकारीको अभाव हुन नदिएको कमलामाई नगरपालिकाका उपमेयर एवम् कृषि समितिका संयोजक मञ्जु देवकोटाले बताउनु भयो ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार मकवानपुरमा मानव अधिकारको अवस्था अनुगमन गर्नका लागि समिति गठन गरिएको छ । राष्ट्रिय मानव अधिकार आयोगले केन्द्र, प्रदेश र जिल्ला स्तरमा कोरोना भाइरस ९कोभिड १९० को सन्दर्भमा मानव अधिकारको अवस्था अनुगमन गर्नका लागि समिति गठन गर्न पत्र पठाए अनुसार जिल्ला स्तरमा नेपाल पत्रकार महासङ्घ मकवानपुर, गैरसरकारी संस्था महासङ्घ नेपाल मकवानपुर, जिल्ला बार एसोसिएसन मकवानपुर रहनेगरी समिति गठन गरिएको हो ।
लकडाउनपछि समस्या भएको कारण काठमाडौँबाट मकवानपुरको भेमफेदी हुँदै प्युठान र रोल्पा जान हिँडेका १७ जनालाई वैशाख १० गते विहान चितवनसम्म पठाइएको छ ।
भीमफेदी गाउँपालिका स्थित क्षेत्रीय कारागारका १३ जना कैदीबन्दीलाई क्वारेण्टाइनमा राखिएको छ । सरकारले चैत ११ गतेबाट लकडाउनको घोषणा गरेपछि  आएका नयाँ कैदीबन्दीहरूलाई कारागार प्रशासनले क्वारेण्टाइनमा राखेको हो । 'सरकारले लकडाउन घोषणा गर्नूभन्दा तीन दिन अगाडिबाट हामीले उच्च सतर्कता अपनाएर बाहिरको मान्छेलाई कैदीबन्दीसँग भेट्न दिएका छैनौ', कारागारका जेलर प्रकाश खनालले भन्नु भयो । कारागार प्रशासनले दुई ओटा कोठालाई क्वारेण्टाइनको रुपमा प्रयोग गरिरहेको छ । क्वारेण्टाइनको रुपमा प्रयोग गरिएको कोठा ४० जनाको क्षमता रहेको छ ।
खनालका अनुसार उनीहरूको ऱ्यापीड डायग्नोष्टिक टेष्ट किटबाट एण्टीवडी परीक्षण गरिएपछि मात्र अरुसँग राखिने छ । भीमफेदी कारागारमा हाल ९ सय ७६ जना कैदीबन्दी रहेका छन् । कारागारभित्र कर्मचारी तथा प्रहरी छिर्दा ज्वरो परीक्षण गर्ने र हात धुने तथा सेनिटाइजरको प्रयोग गरेर मात्र प्रवेश गराउने गरिएको छ ।
**इन्सेक बागमती प्रदेश कार्यालय हेटौंडा**